## सिद्ध कुमारव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### ढोरचौर, सल्यान
### कर्णाली प्रदेश, नेपाल

प.स.२०८० । ८१
च.न.

**मिति २०८१/०३/१० गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१. शारदा लिफ्ट खानेपानी योजना अन्तरगत माथिल्लो बाँझकाँडा क्षेत्रको विद्युत लाइन संचालन सम्बन्धमा ।
२. फलाटे देखि क्षेत्रमा विद्युत संचालन सम्बन्धमा ।
३. विद्युत मर्मत सम्भारकर्ता नियुक्ति गर्ने सम्बन्धमा ।
४. गाउँ सभा सदस्यलाई छाता झोला वितरण सम्बन्धमा ।
५. शारदा लिफ्ट खानेपानीको मुहान संरक्षण गर्नका लागि ग्याबिन लगाउने सम्बन्धमा ।
६. बजेट बक्तब्य बापत रकम सम्बन्धमा ।
७. स्थानीय पाठ्यपुस्तक लखन कार्य स्वीकृति सम्बन्धमा ।
८. पुर्ण खोप प्रमाणिकरण सम्बन्धमा ।
९. बजेट रकमान्तर सम्बन्धमा ।
१०. विविध ।

**प्रस्ताव नं १ शारदा लिफ्ट खानेपानी योजना अन्तरगत माथिल्लो बाँझकाँडा क्षेत्रको विद्युत लाइन संचालन सम्बन्धमा ।**

**निर्णय नं १:**
वडा नं १ को निर्माणाधिन शारदा लिफ्ट खानेपानी योजना अन्तर्गत विद्युत लाइन संचालन गर्न विद्युत वितरण केन्द्र सल्यान द्धारा निरक्षण गर्दा ठेक्का प्रकृयामा तयार भएको लागत स्टिमेट भन्दा बढि ४ वटा पोल सहित अन्य केहि विद्युतिय समाग्रीहरु आवश्यक पर्ने भन्ने पत्र तथा लागत स्टिमेट सहित प्राप्त भएकोले सो बमोजिम गाउँपालिकाको चालु वर्षको **विद्युत विस्तार** योजना तर्फ विनियोजित बजेट खर्च हुने गरी रु ३,७३,७६७। (तीन लाख त्रिहत्तर हजार सात सय सतसठ्ठी मात्र) विद्युत वितरण केन्द्र सल्यानको धरौटि खातामा रकम जम्मा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ फलाटे देखि छापडाँडा क्षेत्रमा विद्युत संचालन सम्बन्धमा ।**

**निर्णय नं २:**
वडा नं ३ को सिमपाखा फलाटे र वडा नं ५ को छापडाँडा लगायतका विभिन्न बस्तीमा विद्युत विस्तारका क्रममा बत्ति बाल्न तत्काल केहि थप साना विद्युत सम्बन्धि कार्य गर्न गाउँपालिकाले सहकार्य गर्नु पर्ने देखिएकोले उक्त क्षेत्रमा विद्युतिकरण कार्यका लागि लागत स्टिमेट सहित केहि विद्युत सामाग्री तथा निर्माणको कार्य सम्पन्न समेत भइसकेकोले रु १ लाख नबढ्ने गरि गाउँपालिकाको **विद्युत विस्तार** शिर्षकबाट आवश्यक कागजातका आधारमा सम्बन्धित निर्माण कम्पनीलाई भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं ३ विद्युत मर्मत सम्भारकर्ता नियुक्ति गर्ने सम्बन्धमा ।**

**निर्णय नं ३:**
गाउँपालिका भित्र विभिन्न स्थानमा विद्युत प्रशारण तथा संचालन लाइनमा विभिन्न समस्या आइ पर्ने र गाउँपालिकाबाट तत्काल सम्बोधन गर्नु पर्ने भएकोले सो सम्बन्धमा समस्याको तत्काल समाधान गर्न एक जना विद्युत सँग सम्बन्धीत व्यक्तिलाई दैनिक ज्यालादारीका दरले पारिश्रमिक पाउने गरी आर्थिक वर्ष २०८१/८२ बाट लागु हुने गरी व्यक्ति करार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ गाउँ सभा सदस्यलाई छाता र झोला वितरण सम्बन्धमा ।**

**निर्णय नं ४:**
पन्ध्रौं गाउँ सभाको अवसर सभाका सदस्यहरु, गाउँपालिकाका तथा वडा कार्यालयका कर्मचारीहरु, स्वास्थ्य संस्था तर्फका कर्मचारीहरु सबैलाई १/१ थान झोला र छाता **गाउँ सभा संचालन खर्च शिर्षकबाट** खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ५ शारदा लिफ्ट खानेपानीको मुहान संरक्षण गर्नका लागि ग्याबिन लगाउने सम्बन्धमा।**

**निर्णय नं ५:**
शारदा लिफ्ट खानेपानी योजनाको मुहानमा पानी तान्ने टयबेल निर्माण सम्पन्न भइ पानी संचालनको क्रममा रहकोले उक्त टयबेल शारदा नदिको कटानको उच्च जोखिममा रहेकोले त्यसको संरक्षणका लागि तत्काल ग्यविन जाली लगाइ संरक्षण गर्नु पर्ने देखिएकोले लागत स्टिमेट तयार गरी निर्माण कार्य शुरु गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ बजेट बक्तब्य बापत रकम सम्बन्धमा ।**

**निर्णय नं ६:**
आगामी आर्थिक वर्ष २०८१/८२ को बार्षिक बजेट तथा कार्यक्रम १५औं गाउँ सभाको बैठकमा पेश गरेबापत गाउँपालिका उपाध्यक्ष श्री रामबहादुर बस्नेतलाई रु १० हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ७ स्थानीय पाठ्यपुस्तक मस्यौदा स्वीकृती सम्बन्धमा ।**

**निर्णय नं ७:**
आधारभुत तह (कक्षा ६-८) को स्थानीय पाठ्यपुस्तक लेखनका लागि कार्यालयबाट Green Approach Support Nepal Tulsipur -8 Dang सँगको सम्झौता अनुसार पुस्तक लेखन कार्य सम्पन्न भएको भन्ने प्रतिबेदन पेश भएकोले स्थानीय पाठ्यपुस्तक मस्यौदा स्वीकृत गरि कार्यान्वयनमा लैजाने र उक्त कार्य बापत सम्झौता बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं ८ पुर्ण खोप प्रमाणिकरण सम्बन्धमा ।**

**निर्णय नं ८:**
सिद्ध कुमाख गाउँपालिका अन्तर्गत सबै वडामा नियमित खोप सम्बन्धमा सोध खोज गर्दै नियमित रुपमा खोप लागाउनु पर्ने बालवालिकाहरु कुनैपनि छुट नभएको सिफारीस प्रत्येक वडाबाट प्राप्त भएकोले पुरै गाउँपालिका पुर्ण खोप सुनिश्चित भएको जानकारी साथ पुर्ण खोप युक्त गाउँपालिका प्रमाणिकरणका लागि जिल्ला स्वास्थ्य कार्यालय सल्यानलाई लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ९ बजेट रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं ९:**
चालु आर्थिक वर्ष २०८०/८१ स्वीकृत बजेट तथा कार्यक्रम अनुसार केहि खर्च शिर्षकहरुमा बजेट अभाव रहेकोले देहाय बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

| **घटाउनु पर्ने शिर्षकहरु** | | **थप्नु पर्ने शिर्षकहरु** | |
|---|---|---|---|
| कर्मचारी पारिश्रमिकता | रु ६०००० २ | सवारी साधन मर्मत | रु ६५०००० |
| पदाधिकारी अन्य सुविधा | रु २००००४ | अन्य सामाजिक सुरक्षा भत्ता | रु ७०००० |
| करार सेवा शुल्क | रु ४७०००२ | कार्यालयका लागि मसलन्द | ५००००० |
| | | गापा स्तरिय विभिन्न परीक्षा | रु ५०००८ |
| जम्मा | रु १२७०००८ | जम्मा | रु १२७०००८ |

**प्रस्ताव नं १० विद्युत विस्तार योजना सम्बन्धमा ।**

**निर्णय नं १०**
सिद्ध कुमाख गाउँपालकाको आर्थिक वर्ष २०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रम अनुसार रु २०,७३,०००/- बिनियोजन भएकोले संघिय विद्युतिकरण अन्तर्गत निर्माण कार्य संचालन नभएको बस्तीहरुमा विद्युत विस्तार गर्न विद्युत वितरण केन्द्र सल्यान बाट तयार भएको लागत स्टिमेट अनुसार कार्य सम्पन्न गर्ने गरी विद्युत वितरण केन्द्र सल्यानको धरौटी खातामा रकम निकासा दिने निर्णय गरियो।